नेपाल सरकार

# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

सिंहदरबार, काठमाण्डौ

फोन { ४२००३०९, ४२००२८१

पत्र संख्याः- २०७४/७५

चलानी नं.:- ९६१

मिति २०७४।०७।१५

**बिषय- पर्यटन शुल्क सम्वन्धमा ।**

श्री गाउँपालिका सवै ।
श्री नगरपालिका सवै ।

उपरोक्त सम्वन्धमा नेपालको संविधानको अनुसूची ५, ६ र ८ को अधिकार सूची भित्र परेको पर्यटन शुल्क/दस्तुर निर्धारण र असुल उपर गर्ने सम्वन्धमा नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ तथा अर्थ मन्त्रालयको मिति २०७४।७।१३ को पत्र समेतका आधारमा देहाय बमोजिम गर्न/गराउनुहुन नेपाल सरकार (मा.राज्यमन्त्री स्तरको) निर्णय अनुसार अनुरोध छ ।

तपशिल

१. कतिपय गाउँपालिका/नगरपालिकाहरुले आफ्नो भौगोलिक क्षेत्र भित्र प्रवेश गर्दा आन्तरिक एवं वाह्य पर्यटकहरुलाई शुल्क लिने गरेको गुनासो आएकोमा नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४ र अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम भौगोलिक सीमामा प्रवेश गरेवापत शुल्क/दस्तुर लिन नमिल्ने भएकोले यस्ता शुल्क दस्तुर नलिने व्यवस्था मिलाउने ।

२. स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ को उपदफा १(ङ१) मा **"पदयात्रा तथा पर्यटन शुल्कको दर प्रदेशले निर्धारण र संकलन गर्ने"** भन्ने उल्लेख भएकोले प्रदेश कानुन नवनेसम्म साविक नेपाल कानुन बमोजिम नै पदयात्रा तथा पर्यटन शुल्क नेपाल सरकारबाट साविकमा उठाउदै आएको व्यवस्था अनुसर नै गर्ने ।

३. स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ को उपदफा १(ङ२) मा **"उद्यान, पार्क, चिडियाखाना, ऐतिहाँसिक तथा पुरातात्विक सम्पदा, संग्रहालय जस्ता सम्पदा उपयोगको प्रवेश शुल्क गाउँपालिका वा नगरपालिकाले निर्धारण र संकलन गर्ने"** भन्ने व्यवस्था भएकोले गाउँपालिका वा नगरपालिकाहरुले आफ्नो क्षेत्र भित्रका उल्लेखित स्थानको मात्र प्रवेश शुल्क नियमानुसार निर्धारण र संकलन गर्ने व्यवस्था मिलाउने ।

४. बुँदा "३" बमोजिम प्रवेश शुल्क निर्धारण गर्दा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ४ मा उल्लेख भए अनुसार वस्तु वा सेवाको लागत, संचालन र सम्भार खर्चलाई आधार मानी दर निर्धारण गर्ने ।

केशजराज सुवेदी
शाखा अधिकृत

D:\MOFALD Planning Section\074_75\44.doc

भ्रष्टाचार विरुद्धको चाल, असल शासनको बहाल ।

Scanned by CamScanner